स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



उपन्यासकार कुमार नगरकोटीले लेखेको नाटक 'ट्रान्जिट' मार्फत अभिनेत्री शिल्पा मास्के रंगमञ्चमा देखिने भएकी छन् । घिमिरे युवराजको परिकल्पना र निर्देशन रहने नाटकको मञ्चन साउन १ देखि भदौ १ गतेसम्म हुने जनाइएको छ । एक ट्रान्जिटमा भेट भएपछि अघि बढ्ने कथा रहेको नाटकमा एउटै पात्रलाई तीनजना अभिनेत्रीले चित्रण गर्दैछन् । जसमध्ये एक पात्रको भूमिकामा अभिनेत्री मास्केले गर्दैछिन् । नाटकको अभ्यासमा व्यस्त अभिनेत्री मास्केले अभिनयलाई नजिकबाट बुझ्रिहेको बताइन् ।

आजको विचार...



अप्रत्यक्ष...
(दुई पेजमा)

स्वयम्भुनाथ कार्की



नयाँ छिमलकी सफल अभिनेत्री पूजा शर्मा आफ्नो करिअरमा पहिलो पटक एक्सन फिल्ममा एक्सन भूमिकामा काम गर्ने तयारीमा छिन् । फिल्म 'दान्भी'मा उनी एक्सन लेडी बन्न लागेकी हुन् । यसै शुक्रबार उनलाई एक्सन अवतारमा प्रस्तुत गर्दै फिल्मको पोस्टर सार्वजनिक गारिएको थियो । यही फिल्मका लागि पूजाले यतिबेला जोडतोडले अन्तरिक तयारी गारिरहेकी छन् । शरीर कसिलो बनाउन लामो समयदेखि जिममा मिहिनेत गारिरहेकी उनले दुई हप्तादेखि एक्सनको तालिम पनि लिइरहेकी छन् ।

❐ वर्ष २८ ❐ अंक ३२२ ❐ २०८० असार ५ गते मंगलबार 20 June 2023, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बाढी पहिरोमा ६ को मृत्यु, २९ बेपत्ता

**पाल्पा,** असार ४/जेठ ३१ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी र पहिरोमा परी मृत्यु हुनेको संख्या ६ पुगेको छ । अविरल वर्षाका कारण संखुवासभामा, ताप्लेजुङमा, पाँचथरमा र नुवाकोटमा भएको आएको बाढी र पहिरोबाट सोमबार दिउसँसोसम्म ज्यान जानेको संख्या ६ पुगेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । उसका अनुसार बाढी तथा पहिरोमा परी संखुवासभामा एक, ताप्लेजुङमा तीन, पाँचथरमा एक र नुवाकोटमा एक गरी ६ जनाको ज्यान गएको हो । मृतकहरुमा पाँच पुरुष र एकजना बालिका रहेका छन् । बाढी र पहिरोमा परी २९ जना बेपत्ता छन् भने ६जना घाइते रहेको बताइएको छ । घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । बेपत्ताको खोजी कार्य जारी रहेको बताइएको छ । बाढी, पहिरोका ९७ घरपरिवार विस्थापित भएका छन् । साथै बाढी पहिराको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरामो पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम भइरहेको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले सोमबार बाढी, पहिरो प्रभावित क्षेत्र पुगेर संखुवासभा, ताप्लेजुङ र पाँचथरमा ठूलो क्षति पुगेको उल्लेख गर्दै उद्धार र राहतको काममा कुनै कसर बाँकी नराख्ने बताएका छन् । प्रधानमन्त्री दाहालले बाढीपहिरो प्रभावित र विस्थापितलाई पुन:स्थापना गर्ने, घरबारविहीनको तत्काल स्थानान्तरण र आवासको व्यवस्था मिलाउने पनि बताए ।


# काल बने खोला–नदी

**पछिल्ला केही दिन यता भारत, रुपन्देही लगायत तराईका जिल्लाहरुबाट गर्मी छल्न पाल्पाका खोला, नदीहरुमा पौडी खेल्न पुग्नेहरुको संख्या बढ्दै जाँदा डुवेर मृत्यु हुनेको संख्या समेत बढेको छ । ज्यान गुमाउनेमा अधिकांस घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटक रहेका छन् ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार ४/पिउन, सिँचाइ, ढुवानी र माछाको स्रोतदेखि विजुली उत्पादनसम्म खोला-नदीको उपयोग हुन्छ । त्यति मात्र होइन खोला-नदी पृथ्वीको गतिशील, रोमाञ्चक अनि सुन्दर परिदृश्य पनि हुन् । यीनै खोला-नदीको पानी, ढुंगा, बालुवा प्रयोग गरेरै आर्थिक लाभ प्राप्त हुने र त्यही पुँजीले विकास हुने कुरा नकार्न सकिदैन । तर मानवीय व्यवहारका कारण यीनीहरुबाट लाभसँगै जोखिम पनि उत्तिकै रहेको छ । पछिल्लो समय मानवीय त्रुटिका कारण खोला-नदी काल बनेका छन् । पाल्पामा रहेका खोला-नदीबाट धेरैले अकालमै ज्यान गुमाउनु परेको छ ।

यहाँ दैनिक जसो खोलामा डुवेर मृत्यु भएका समाचारहरु आइरहन्छ । जिल्लामा डुवेर अकालमै ज्यान गुमाउनेको संख्या बढ्दो रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जाकारी दिए । यहाँका नदी र खोलाबाट एक वर्षमा २२ जनाले अकालमै ज्याज गुमाउनु परेको छ । जसमा १० पुरुष, २ महिला, ५ बालक र ५ बालिका रहेका छन् । आर्थिक वर्ष २०७९/८० को असार २ गतेसम्मको जिल्ला प्रहरी कार्यालय पाल्पाको तथ्याङ्कमा २१ जना रहेको उल्लेख गरिए पनि आइतबार कालीगण्डकी नदीमा डुबेर एक किशोरीको समेत मृत्यु भएको छ । योसँगै नदी -खोलाबाट एक वर्षमा २२ जनाले ज्यान गुमाए । ज्यान



तिनाउ गाउँपालिका-३ स्थित तिनाउ खोलाको ड्याम साइडमा पौडी खेल्नेहरुको भीड । तस्वीर : भविन्द्र गौतम

गुमाउनेमा अधिकांस घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटक रहेका छन् । तिनाउ गाउँपालिका-३ मा रहेको तिनाउ खोला ड्याम साइड र भूतखोलामा पर्यटकका लागि बनाइएको संरचनाले धेरैको ज्यान लिएको छ । भूतखोलामा रहेको पानी पोखरी अवलोकन गर्न पुग्नेहरु फोटो खिच्ने र पौडी खेल्न क्रममा अकालमै ज्यान गुमाउन बाध्य भएका छन् । स्थानीय सरकार र प्रदेश सरकारले अध्ययन नै नगरी पर्यटक तान्न संरचना बनाएका कारण यस्तो समस्या आएको हो । हरेक वर्ष गर्मी मौसममा पौडी खेल्न जाने र खोलाको सिन लिएर तस्बिर खिच्चेहरु लडेर ज्यान गुमाउने गरेका छन् । भूतखोला पर्यटकका लागि आकर्षण स्थल भए पनि त्यसको उचित सुरक्षा प्रवन्ध नहुँदा धेरैले ज्यान गुमाउनु परेको हो । उक्त खोलामा आन्तरिक तथा बाह्रय पर्यटकहरु बढी जाने र उनीहरुले नै अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेकाले सो स्थानमा सुरक्षाका उपायहरु अपनाउन जिल्ला पहरी कार्यालयले स्थानीय सरकारलाई आग्रह समेत गरेको छ । पछिल्ला केही दिन यता भारत, रुपन्देही लगायत तराईका जिल्लाहरुबाट गर्मी छल्न तिनाउ खोलामा पौडी खेल्न पुग्नेहरुको संख्या बढ्दै जाँदा डुवेर मृत्यु हुनेको संख्या समेत बढेको प्रहरीले जनाएको छ । भूतखोलामा रहेको सानो झरना र नीलो रङको पोखरीका कारण मानिस आकर्षित हुने गरेका छन् । यहाँको भूतखोला, ड्याम र तिनाउ खोलामा मात्र एक वर्षको अवधिमा नौ जनाले ज्यान गुमाएका छन् । जसमा १ महिला, ६ पुरुष र २ बालबालिका रहेका छन् । भूतखोला र तिनाउ खोलामा मात्र होइन रामपुर र बगनासकालीस्थित कालीगण्डकी नदीमा समेत धेरैले ज्यान गुमाउनु परेको छ । डुवेर मृत्यु हुनेहरुको संख्या बढ्दै गएकाले घुम्न आउने पर्यटकहरुलाई सचेत गराउन सम्बन्धित निकायले ध्यान दिनुपर्नेमा जिल्ला प्रहरी कार्यालयले जोड दिदै आए पनि सम्बन्धित निकायले भने चासो देखाएका छैनन् ।

# तानसेनमा उद्यमी बनाउने बेकरी तालिमको समापन

**पाल्पा,** असार ४/तानसेनमा युवा-युवतीहरुलाई उद्यमीसँगै स्वरोजगार बनाउने उद्देश्यले सञ्चालन गरिएको नि:शुल्क बेकरी तालिमको समापन गरिएको छ । एसियन स्कूल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट प्रालि बुटवलको आयोजना, दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको आर्थिक सहयोग, हेल्भेटास नेपालको प्राविधिक सहयोग र शिव इन्स्टिच्यूट अफ मल्टि टेक्निकल एजुकेशन सेन्टर प्रालि पाल्पाको समन्वयमा भएको तालिमको सोमबार एक औपचारिक कार्यक्रमकाबिच समापन गरिएको हो ।

९६ घण्टा चलेको तालिमको पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले समापन गरेका हुन् । तालिमको समापन गर्दै प्रमुख अतिथि समेत रहेका भट्टराईले सहभागीहरुलाई प्रमाणपत्र पाउने मात्र नभई नयाँ सोंचका साथ अगाडि बढ्ने बाटो खुला भएको बताए । उनले प्रमाणपत्रको सही सदुपयोगका लागि उद्योग सञ्चालन गर्न र स्वरोजगार बन्ने दिशामा लाग्न आग्रह गरे । अध्यक्ष भट्टराईले भने 'तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्नुहोस्, त्यसका लागि निजी क्षेत्रका उद्योगी व्यवसायी र होटल व्यवसायीहरुसँग भएको ज्ञान, अनुभव लिएर उनीहरुसँग सहकार्य गर्न सकिन्छ ।' उनले सरकारको गलत नीतिका कारण ज्ञान, सीप भएका युवाहरु



विदेश पलाएन भइरहेको भन्दै त्यसलाई रोक्न स्वदेशमै सीप सिकेर व्यवसायी बन्नुपर्नेमा जोड दिए । अध्यक्ष भट्टराईले भने 'सरकारले जहिल्यै बजेट ल्याउँदा रेमिटान्सलाई प्राथमिकता दिने गर्छ, यसले युवाहरु सबै विदेश जाउन भन्ने नै हो, यसको विरुद्धमा उद्योग वाणिज्य संघले सधै अवाज उठाउँदै आएको छ, हामी स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्नुपर्छ भन्ने मान्यता राख्दछौं ।' म विदेशमा होइन स्वदेशमै केही गर्छु भन्ने मान्यता राखेर अगाडि बढ्न सहभागीहरुलाई आग्रह गर्दै उनले व्यवसायी, उद्योगी र स्वरोजगार बन्ने दिशामा आवश्यक सहयोग गर्न पाल्पा उद्योगा वाणिज्य संघ तयार रहेको बताए ।

कार्यक्रममा विशिष्ट अतिथि होटल तथा रेष्टुरेण्ट व्यवसायी महासंघका केन्द्रीय सदस्य लक्ष्मण बस्यालले उद्यमी बन्न तालिममा सहभागीहरुलाई आग्रह गरे । उनले भने 'सक्नुहुन्छ उद्यमी बन्नुहोस्, सक्नुहुँदै स्वरोजगार बन्नुहोस्, हामी तपाईहरुलाई सहयोग गर्न तयार छौं ।' शिव इन्स्टिच्यूटका संयोजक कमल भट्टराईले बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउने उद्देश्यले हरेक वर्ष सिटीभिटी र स्थानीय सरकारको सहयोगमा सीपमूलक तालिमहरु सञ्चालन गरिदै आइएको बताए । उनले पाल्पा उद्योग वाणिज्य संघ र होटल तथा रेष्टुरेण्ट व्यवसायी संघको सहयोग र साथका कारण बेकरीको तालिम सञ्चालन गर्न सफल भएको भन्दै अभार व्यक्त गरे ।

पाल्पाका होटल तथा रेष्टुरेष्ट व्यवसायी संघका उपाध्यक्ष जयराम सापकोटाले प्रमाणपत्रको आफैमा महत्व रहेकाले त्यसको महत्व बुझेर काम गर्न आग्रह गरे । उनले तालिमबाट सिकेका कुराहरुलाई पूर्ण रूपले व्यवहारमा उतार्नुपर्ने बताउँदै उद्यमको क्षेत्रमा लागेर व्यावसायिक बन्नुपर्नेमा जोड दिए । नेपाल प्रेस युनियन पाल्पाका उपाध्यक्ष रामचन्द्र रायमाझीले सीप जीवनको महत्वपूर्ण साधन भएकाले यसको सही उपयोग गर्न तालिममा सहभागीहरुलाई आग्रह गरे । उनले भने 'अहिलेको अवस्थामा सीप महत्वपूर्ण रहन्छ, सीप सिको व्यक्तिले मात्र जीवनमा प्रगति गर्न सक्छन्, त्यसैले सीपको उपयोग गरी उद्यमी र स्वरोजगार बन्नुहोस् ।' कार्यक्रममा प्रशिक्षकहरु श्रीकृष्ण थापा, कुशल ठाडाले तालिम कहिल्यै पूर्ण नहुँने भन्दै तालिम निरन्तर लिन र सोही अनुसार स्वरोजगार बन्नुपर्नेमा जोड दिए । तालिममा सहभागी रमेश पाण्डे र सलिना थापा मगरले तालिममा आफुहरुले धेरै कुराहरु सिक्न र जान्न पाएको भन्दै तालिमको सहि सदुपयोग गर्ने प्रतिवद्धता जनाए । ६० जना सहभागी तालिममा पिज्जा, बर्थडे केक, बर्गर, दुनोट लगायत भेज नन्भेज आइटमहरु बनाउन सिकाइएको थियो । उनीहरुलाई पाल्पा उद्योगा वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, होटल तथा रेष्टुरेण्ट व्यवसायी महासंघका केन्द्रीय सदस्य लक्ष्मण बस्याल, पाल्पाका होटल तथा रेष्टुरेण्ट व्यवसायी संघका उपाध्यक्ष जयराम सापकोटा, होटल तथा रेष्टुरेण्ट व्यवसायी संघका सचिव मणिकान्त न्यौपाने, पत्रकार रामचन्द्र रायमाझी लगायतले प्रमाणपत्र हस्तान्तरण गरेका थिए । जेठ १४ गतेदेखि सञ्चालन भएको तालिम सोमबार सकिएको हो । शिव इन्स्टिच्यूट अफ मल्टि टेक्निकल एजुकेशन सेन्टर प्रालि पाल्पाका संयोजक कमल भट्टराईको अध्यक्षता, तालिम संयोजक बलबहादुर उचैको स्वागत, रामकृष्ण थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

- मानो रोपौं, मुरी फलाऔं,
- खेतीयोग्य जमिन बाँझो नछोडौं,
- पसिना बगाऔं, समुन्नत बनौं,
- आफू र देशलाई परनिर्भरताबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## 'द्वन्द्वसम्बन्धी यौन हिंसा' सम्बोधन गर

एक दशक लामो सशस्त्र द्वन्द्वको परिणाम स्वरूप देशमा गम्भीर मानव अधिकार हननका घटनाहरू घटेका छन् । तर शान्ति निर्माण प्रक्रिया सुरु भएको १७ वर्ष पुग्दा पनि सशस्त्र द्वन्द्वको समयमा महिला माथि भएका यौन अपराध जस्ता सवालहरू सम्बोधन हुन सकेका छैनन् । हरेक वर्ष द्वन्द्वमा यौन हिंसा उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवस मनाइन्छ । आज पनि यो दिवस मनाइँदै छ । तर यौन हिंसाका घटनाहरुमा भने कमी आएको छैन । 'द्वन्द्वसम्बन्धी यौन हिंसा' शब्दले बलात्कार, यौन दासत्व, जबरजस्ती वेश्यावृत्ति, गर्भावस्था, गर्भपतन वा नसबन्दी, विवाह, महिला, पुरुष वा बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा द्वन्द्वसम्बन्धी यौन हिंसा हुन् । जुन द्वन्द्वसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जोडिएका हुन्छन् । यसले यौन हिंसा वा शोषणको उद्देश्यका लागि द्वन्द्वको अवस्थामा प्रतिबद्ध हुँदा व्यक्तिहरुको बेचबिखनलाई समेत समेट्ने गरेको हुन्छ । शान्ति निर्माण प्रक्रियामा यौन हिंसाका मुद्दालाई खासै प्राथमिकतामा राखिएको छैन । यो अत्यन्त दुःखको कुरा हो ।

शान्ति प्रक्रियापछि यौन हिसांका मुद्दाहरु सम्बोधन हुनेमा धेरैले आकलन गरेका थिए । तर त्यसो हुन सकेनन् । समाजमा जबसम्म महिलाको शरीरलाई भोग्य वस्तुका रूपमा हेरिन्छ, उनको यौनिकतालाई पुरुषको सन्तुष्टिसँग दाँजिन्छ तबसम्म यी मुद्दाहरुमा कमी आउँदैन । नेपालमा यौन हिंसालाई सामान्यीकरण गर्ने भूमिका सरकारले खेलेको छ । सरकार बनाउने राजनीतिक दलहरूले खेलेका छन् । यस्तो हुनु गलत हो । ऐतिहासिक रुपमै महिलामाथि भएका यौन हिंसाहरूलाई हाम्रो देशमा सामान्यीकरण गर्ने गरिएका अनेक उदाहरण छन् । पछिल्ला उदाहरण लिने हो भने द्वन्द्वकालमा महिलामाथि भएका यौन हिंसाहरुलाई गरिएको सामान्यीकरणको स्थितिलाई लिन सकिन्छ । नेपालको स्थितिमा द्वन्द्वका समयमा यौन हिंसामा पर्नेहरुका कुरा सम्बोधन, अधिकारको प्रत्याभूति अहिलेसम्म सरकारले गर्न सकेको छैन । हद म्यादको कारण द्वन्द्वको समयमा भएका यौन हिंसाको मुद्दालाई सम्बोधन गर्न ऐन संशोधन गर्नैपर्ने देखिन्छ । यौनजन्य हिंसा मात्र नभई कार्यस्थलमा हुने सबै प्रकारका हिंसालाई समेटेर ऐन संशोधन भए मात्र सशस्त्र द्वन्द्वका बेला भएका यौन हिंसाका मुद्दा सम्बोधन हुन सक्छन् । अन्यथा यस्ता घटनाहरु झन् बढ्दै जाने छन् । यसतर्फ सरकार र सम्बन्धित निकायले समयमै सोच्न जरुरी छ ।

## Opinion @ Social Network

कसैलाई दिने सबैभन्दा सुन्दर उपहार भनेको
उसको भावना बुझिदिनुको साथै उसलाई सम्मान दिनु हो ।
(सुनिल श्रेष्ठको फेसबुक स्टाटस https://www.facebook.com/shunil.shrestha)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अप्रत्यक्ष प्रत्यक्ष कर, राजस्व नीति, बजेट अनि आर्थिक अस्थिरता



**स्वयम्भुनाथ कार्की**

*मुलुकको अर्थतन्त्रमा नकारात्मक असर पर्दछ । यसले विकसित मानिने मुलुकमा जसरी भए पनि बसाइँ सर्ने लहड पैदा हुन्छ । यसको परिणाम हो नक्कली भुटानी शरणार्थी प्रकरण । तर, के यसबाहेक मुलुकलाई लज्जित पार्ने अन्य तरिकाले पनि यस्ता मुलुकहरूमा स्थायी बसोवास गर्न जाने तथा गएका छैनन् त ? यसरी विदेश जानेहरूको एउटै सबल जस्तो लाग्ने तर्क हुने गर्दछ कि मुलुकमा आफ्नो निमित्त कुनै अवसर भएन । त्यो कथित अवसर नहुनुको कारण स्थिर हुनुपर्ने मुलुकको आर्थिक नीति अनि कार्यक्रम अस्थिर हुनु हो ।*

कौटिल्यको विख्यात अर्थशास्त्रले राजस्व अर्थात् राज्यको कोष केवल करलेमात्र बढ्ने कुरा मान्दैन । राज्यको आफ्नो केही आम्दानीमूलक उद्यम पनि हुने गर्दछ । खेतीपाती, पशुधन, खानी, उद्योग आदि आम्दानी गर्ने उपक्रम जनताको मात्र नभएर राज्यको पनि हुन्छ । वर्तमानमा राज्यले आफूले यस्ता आम्दानीको उपक्रम गर्नु हुँदैन भन्ने मत बलवान भएको छ । विगतमा व्यवस्था परिवर्तनपछि राज्यका यस्ता उपक्रमहरू निजीकरण गरियो । यो राज्यको काम होइन भन्ने भाष्य स्थापित गर्ने प्रयत्न भयो तर त्यसको साथसाथै राज्यले जनतालाई रोजगारी लिन केही यस्ता उपक्रमहरू गर्नुपर्छ भन्ने धारणा गएन । चौधानी अर्थात् धेरै किसिमको अवधारणा, राजनीतिक सोच अनि त्यसमा आधारित कार्यक्रले वास्तवमा राज्यको धारणा के हो भन्ने कुरमै अलमल भएको छ । विपरीत आर्थिक, राजनीतिक, सामाजिक अवधाणाबीच हुनेगरेको सत्ताको निमित्त गठबन्धनले यस्तो अलमल पैदा गर्दछ । त्यसैले हरेक वर्ष कहिलेकाहीँ त केही महिनामै राज्यको नीति बदलिने गरेको छ, त्यो पनि एक अर्काको विपरीत । यसले मुलुकमा आर्थिक अस्थिरता पैदा गर्दछ । यो अस्थिरतामा मुलुकले आफ्नो साख गुमाउँछ । त्यसपछि वैदेशिक लगानी परै जाओस् स्वदेशी लगानीकर्ताले पनि आफ्नो लगानीको सुरक्षा हुने कुरामा भर गर्दैन । मुलुकको अर्थतन्त्रमा नकारात्मक असर पर्दछ । यसले विकसित मानिने मुलुकमा जसरी भए पनि बसाइँ सर्ने लहड पैदा हुन्छ । यसको परिणाम हो नक्कली भुटानी शरणार्थी प्रकरण । तर, के यसबाहेक मुलुकलाई लज्जित पार्ने अन्य तरिकाले पनि यस्ता मुलुकहरूमा स्थायी बसोवास गर्न जाने तथा गएका छैनन् त ? यसरी विदेश जानेहरूको एउटै सबल जस्तो लाग्ने तर्क हुने गर्दछ कि मुलुकमा आफ्नो निमित्त कुनै अवसर भएन । त्यो कथित अवसर नहुनुको कारण स्थिर हुनुपर्ने मुलुकको आर्थिक नीति अनि कार्यक्रम अस्थिर हुनु हो ।

यस्तै आर्थिक अस्थिरताको कारणले वैदेशिक रोजारीमा जानेक्रम वृद्धि भएको छ । ती वैदेशिक रोजगारीमा गएकाले कमाएर आफ्नो परिवारलाई पठाएको विदेशी मुद्राले राज्यले महँगा विदेशी सवारीसाधन लगायत विलासिताका वस्तु आयात गर्दछ । यस्ता आयातमा आधारित भन्सार महशुलका राजस्वमा ठूलो योगदान भएको कुरा सर्वविदितै छ । यस्ता विप्रेषण भनिने विदेशी मुद्राका स्रोत विकसित मानिएका विदेशमा बसोवास गर्ने गैरआवासीय नेपालीहरूबाट प्राप्त हुँदैन । बरू उनीहरूको नेपालमा भएको सम्पत्ति, अन्य खेती, घरभाडा, निवृत्तिभरण आदि लैजान विदेशी मुद्रा मुलुक बाहिर जान्छ । त्यो विदेशी मुद्रा सञ्चय जो कामदार भएर वैदेशिक रोजगारीमा गएका नेपालीले पठाएको विप्रेषणबाट रचना भएको छ । यसरी मुलुकको आर्थिक कृयाकलापको कसीमा हेर्ने हो भने विकसित मुलुकमा रहेका गैरआवासीय नेपाली र वैदेशिक रोजगारीमा गएका नेपालीबीच ठूलो फरक छ । राज्यले आफैँ गर्ने आम्दनीका उपक्रमबाहेक राजस्वमा आम्दानी हुने अन्य बाटाहरूमा कर, शुल्क अनि दण्ड स्वरूपको जरिवाना हुन । तर, सनातनमा आधारित व्यवस्थाले जरिवानालाई राजस्वमा आम्दानीको स्रोत मान्दैन । यस दण्डबाट प्राप्त धन राज्यको मूल ढुकुटीमा नहाल्न निर्देशित गर्दछ । यस्ता धनलाई अशुद्ध मानेर पृथ्वीनारायण शाहसम्मले पनि आफ्नो उपदेशमा फकिर फकडालाई दान गर्न निर्देश गरेका थिए । तर, वर्तमानमा दण्डस्वरूपको जरिवानालाई राजस्वको स्रोतको रूपमा लिइने गरेको छ । त्यसैले जरिवाना गरेर आम्दानी गरेकोमा त्यस्तो आम्दानी गर्नेलाई प्रोत्साहनबापत केही प्रतिशत दिने नीतिहरू आउने गरेका छन् । राजस्वमा आउने आम्दानी वृद्धि गर्ने प्रयत्न गर्नु सरकारको कर्तव्य हो । त्यसैले जरिवानावापतको आम्दानी वृद्धि गर्ने प्रयत्न उचित छ त, पक्कै छैन ।

कर, शुल्क आदि राजस्वको निमित्त जनताले दिनुपर्ने धन पनि अनाहकमा दिनुपर्ने धन होइन । कुनै व्यक्तिले अनाहकमा कसैलाई पनि कुनै धन दिनु पर्दैन, आफूले खर्च गरेको हरेक धनको केही न केही प्रतिफल पाउने मान्छेको मौलिक अधिकार हो । अझ सनातनी परम्पराले त यस्तो खर्च अधिकतम के केमा कमाइको कतिकति खर्च हुनुपर्छ भन्ने पनि निर्धारित गरेको छ । पितृस्व, राजस्व, देवस्व, ब्रफमस्व भनेर त्यसको निमित्त अधिकतम हिस्सा पनि तोकेको छ । यसअनुसार कमाइको छैटौं हिस्साभन्दा ज्यादा राजस्व अत्याचारको कोटिमा पर्दछ । देवस्व धार्मिक मान्यता अनुसार प्राकृतिक सन्तुलन मिलाइदिए, वर्षा गराइदिए वापत देवकार्यको नाममा गर्नुपर्ने खर्च हो भने पितृस्व जन्माएर पालनपोषण गरेको कृतज्ञताबापत आफ्ना आमाबाबु तथा अन्य पितृहरू उपर गर्नुपर्ने खर्च हो । यसै गरेर ब्रह्मस्व समाजलाई ज्ञानको ज्योति दिने तथा सुशासनको निमित्त नियम बसाउने विद्वानहरू उपर गरिने खर्च हो । अनाहमा कर तथा शुल्क दिन नहुने कुराले राजस्व तिर्नु नागरिकको कर्तव्य भएको कुरा अस्वीकार गर्दैन । किनभने कुनै मुलुकमा रहनुको अर्थ त्यो मुलुक सञ्चालनको निमित्त तथा त्यस मुलुकले सञ्चालन गर्ने जनकल्याणकारी कार्यको खर्चमा हिस्सेदारी व्यहोर्नु हो ।

मुलुकको खर्चको यो हिस्सेदारी लिएबापत नागरिकको स्वतन्त्रताको रक्षा, अन्याय वा अत्याचारबाट संरक्षण, भयमुक्त तथा समानतामूलक वातावरण इत्यादि आधारभूत सेवाको सुनिश्चितता उसले पाउनुपर्दछ । कुनै मुलुकको नागरिक त्यस मुलुकका शासकवर्गको दास होइन । तसर्थ नागरिकले व्यहोरेको हिस्सेदारीको फलस्वरूप उसले आधारभूत सेवासम्म पाउँदैन भने हिस्सेदारीको बोझ उठाइराख्न कुनै बाध्यता छैन । अमेरिकी स्वतन्त्रता आन्दोलनताका उठेको नारा नो ट्याक्सेसन विदआउट रिप्रेजेन्टेसन अर्थात् प्रतिनिधि छैन भने कर पनि छैन यही नागरिक अधिकारको माग थियो । कुनै शासन व्यवस्थाले आफ्नो राजस्वलाई आफूखुसी गर्न पाउने कोषका रूपमा नलिई जनताको सम्पत्तिका रूपमा लिनुपर्दछ । सबैले यो राजस्वको के उपयोग भयो भनेर जान्ने चासो राख्नुपर्दछ । राजस्व, जो आजको युगमा मुलुक सञ्चलनको निमित्त प्रमुख आधार बनेको छ, विनाकुनै कारण वा प्रतिफल बुझाउनुपर्ने कुरा होइन । राज्यमा बसेपछि त्यहाँ बस्नेहरूको सुरक्षा, वृत्ति विकास, त्यस भूगोलको निरन्तर हितमा राज्यले काम गरेबापतमा आफ्नो कमाइको हिस्सास्वरूप बुझाउनुपर्ने दायित्व हो । अन्यायपूर्वक कर अशुली गर्नाले त्यही कर नै रावणको विनाशको कारण बनेको कुरा सनातनमा प्रचलित छ । अमेरीकाको स्वतन्त्रता संग्रामको इतिहासमा कर किन बुझाउने भन्ने सवाल उठेको पाइन्छ । कर अहिलेका सत्ताधारीहरूको निमित्त एकतर्फी जनताको मात्र दायित्व भन्ने अर्थमा प्रयोग हुनेगरेको छ, त्यो कर लिएबापत राज्यले पूरा गर्नुपर्ने दायित्व पूरा गर्नेतर्फ ध्यान दिन आवश्यक नठान्नु वर्तमानमा चलेका राजनीतिक अर्थव्यवस्थाको आदत भएको छ । प्रत्यक्ष कर नलाग्ने भनेर भनिएकाले तिरेको कर सामान्य उदाहरणबाट देख्न सकिन्छ । मानौं एक मजदुरले महिनामा मात्र तीन हजारको कमाइ गर्दछ जसबापत उसले कुनै प्रत्यक्ष कर तिर्दैन । कमाइको बेलामा कुनै कर नतिरे पनि उसले गरेको प्रत्येक खर्चमा प्रचलित करको दरमा सरदर २५ प्रतिशत अप्रत्यक्ष कर तिरेको हुन्छ । उसको सम्पूर्ण कमाइ खर्च हुँदा करिब ७५० अप्रत्यक्ष करबापत उसले तिर्नुपर्छ । यसको ज्ञान उसलाई नहुन सक्छ । राज्यले आफूलाई कर छुट गरेको भ्रममा रहेकाले आफूले राजस्वमा गरेको त्यो योगदानको उसलाई ज्ञान हुँदैन । यसको फलस्वरूप राज्यसँग माग गरिने राजस्वमा भार पर्ने हरेक मागमा ऊ समर्थन जनाउन पुग्दछ । यो व्ययभार बहन गर्न राज्यले अप्रत्यक्ष करको दायरा वा दर बढाउँदा उसले हरेक खर्चमा तिर्ने गरेको रकम बढेर जान सक्छ भन्ने हेक्का रहँदैन । यदि त्यो ७ सय ५० उसले प्रत्यक्ष करको रूपमा तिरेको भए राजस्वबाट गरिएको हरेक खर्चको औचित्य उसले खोज्ने थियो ।

प्रत्यक्ष करको बारेमा कुरा गर्दा धेरैलाई कम आय भएकाको अहित भएको महसुस हुनसक्छ । यो अनौठो कुरा होइन तर भिखारीसम्मलाई नछोड्ने अप्रत्यक्ष करको सम्बन्धमा कसैलाई चासो भएको महसुस हुँदैन । यसको फलस्वरूप पुँजीपतिहरू, जो अप्रत्यक्ष कर संकलन गरेर राज्यलाई बुझाउँछन्, ठूला करदाता भएर राज्यबाट सम्मान र विशेष व्यवहारको हकदार हुन्छन् । जसबाट उठाएर बुझाउँछन्, ती वास्तविक करदाताहरू, जसमा विपन्नसमेत पर्दछन्, आफूले राजस्वमा गरेको योगदानको कुनै जस पाउँदैनन् । कुनै उद्योगी वा व्यापारीले कुनै किसिमको अप्रत्यक्ष कर आफैंले तिर्दैन । ऊ केवल त्यस्ता करहरू उपभोक्ताबाट संकलन गरेर राज्यलाई बुझाउने माध्यम मात्र हो । कतिपय अवस्थामा छुट वा सुविधाको नाममा उपभोक्ताबाट संकलन गरेको करको हिस्सा पनि उसले पाउने गरेको हुन्छ । सबैले अप्रत्यक्ष करका रूपमा कर तिर्नै पर्दछ भने त्यो कर प्रत्यक्ष रूपमा लिइँदा कुनै ठूलो फरक नपर्नुपर्ने हो । सबै देशवासीहरूले राज्यलाई कर तिरेकै छन् । कर तिर्नु उनीहरूको दायित्व हो । यसो हुँदाहुँदै कर तिरेको गौरवबाट बहुसंख्यक देशवासीलाई वञ्चित गर्नु ठीक होइन । अप्रत्यक्ष कर लगाउनै पर्ने परिस्थितिबाहेक सकभर अप्रत्यक्ष कर समाप्ति हुनु आवश्यक छ, यदि यसो भएमा मात्र सर्वसाधारणमा राजस्व भनेको आफूले तिरेको पैसा रहेछ भन्ने चेत पलाउँछ । जसले जे बिगार गरे पनि त्यसको क्षतिपूर्ति राजस्वबाट माग्दा त्यो सिधैं आफ्नो गोजीबाटै जाने रहेछ भन्ने ज्ञात हुन्छ । राजस्वलाई लुटको धन फुपूको श्राद्धे शैलीमा खर्च गर्न रोक लाग्दछ । यस्तो रोकले समाजमा हानी पुऱ्याउनेले नै त्यसको क्षतिपूर्ति व्यहोनुपर्दछ भन्ने मान्यता पैदा गर्दछ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : मनमा हर्ष, उत्साह छाउला । वैदेशिक कार्यपनि अघि बढ्नेछ । | **तुला** : सौन्दर्यतामा धन खर्च हुनेछ । चुनौतीबाट मुक्त हुन सहयोग पुऱ्याउनेछ । |
| **वृष** : श्रमदान गर्ने अवसर मिल्नेछ । कान्ति र शान्ति छाउनेछ । | **वृश्चिक** : रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । |
| **मिथुन** : विशिष्ट भेटघाटले मन प्रसन्न हुनेछ । साधनको खरिद बिक्रीको योग छ । | **धनु** : आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । पुनर्मिलनको योग रहेको छ । |
| **कर्कट** : आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ । | **मकर** : घरमा अतिथीको आगमन हुने छ । बोलीले कार्य सम्पादन हुनेछ । |
| **सिंह** : रमणीय र सुखद् यात्राको योग छ । मनमा हर्ष, उमङ्ग र उत्साह रहला । | **कुम्भ** : अधिकार प्राप्तिका लागि संघर्श गर्नुपर्नेछ । सही निर्णय लिन सकिन्छ । |
| **कन्या** : धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । क्ला र गलाको प्रभाव बढ्नेछ । | **मीन** : कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । |

जना प्रविधि

# विन्डोजमै आर्टिफिसियल इन्टेलिजेन्स

## अब ल्यापटपसँग कुराकानी गर्न सकिने

बिंग च्याटबटपछि माइक्रोसफ्टले अब विन्डोजमा समेत आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को सुविधा ल्याउने घोषणा गरेको छ । माइक्रोसफ्टले आफ्नो कम्प्युटर अपरेटिंग सिस्टम विन्डोजमा एआई लागू गर्ने मनसाय केही महिनाअघि नै बनाएको थियो । माइक्रोसफ्ट बिल्ड २०२३ ले एआईको सन्दर्भमा विन्डोजमा आउने नयाँ फिचर्सलाई विस्तृतमा समीक्षा गर्ने अवसर प्रदान गरेको छ । कम्पनीले आगामी वर्ष विन्डोज १२ लञ्च गर्दा नै विन्डोजमा आर्टिफिसियल इन्टेलिजेन्स आबद्ध गर्ने तयारी गरेको छ । जसमा एआईमा आधारित टेक्स्ट टू स्पीच फिचर रहनेछ ।




**डेस्कटप प्रयोगकर्ताका लागि भ्वाइस इनपुट फिचर**

केही समयअघि सम्म केवल मोबाइल बिंग च्याट प्रयोगकर्ताले मात्र भ्वाइस इनपुट फिचर प्रयोग गर्न पाउँथे । तर अब माइक्रोसफ्टले डेस्कटप प्रयोगकर्ताका लागि पनि यो फिचर उपलब्ध गराएको छ । बिंग च्याटबक्समा अब माइक्रोफोन आइकनमा क्लिक गरी प्रयोगकर्ताले भ्वाइस इनपुट सक्रिय बनाउन सक्दछन् र बिंग च्याटबटसँग च्याट गर्न सक्दछन् । यसले अंग्रेजी, जापानी, जर्मन, मन्दारिन तथा फ्रेन्चमा आफ्नो आवाजबाट जवाफ दिन सक्दछ । त्यसका अलावा माइक्रोसफ्टले बिंग च्याटको टेक्स्ट टू स्पीच क्षमताको पनि विस्तार गरेको छ जसमा ३० भन्दा धेरै अतिरिक्त भाषाहरु प्रयोग गर्न सकिन्छ । यसको अर्थ आगामी दिनमा डेस्कटप प्रयोगकर्तालाई पनि बिंग च्याटमा भाषाको समस्या पर्नेछैन ।

**एआईसँग आवाजमै कुराकानी**

यो कदम माइक्रोसफ्टका प्रडक्टसँग प्रयोगकर्तालाई अधिक रुपमा स्वभाविक तथा प्राकृतिक शैलीमा कुराकानीको अवसर प्रदान गर्ने प्रयासको हिस्सा हो । साथै विन्डोज ११ मा छिटै नै प्रयोगकर्तालाई आफ्नो स्टाइलसबाट कहींपनि लेख्ने अनुमति मिल्नेछ । तर बिंगको एआईसँग भने आवाजमै कुराकानी गर्नका लागि प्रोत्साहित गर्नेछ । एआईलाई आफ्नो अपरेटिंग सिस्टममा जोडेर माइक्रोसफ्ट धेरै सहज तथा इन्टेलिजेन्ट सफ्टवेयरको विकासमा एक कदम अगाडि बढेको छ ।

**बढ्न सक्छ उत्पादकत्व**

नयाँ बिंग च्याटबट सुविधा जून ९ बाट सुरु भएको छ र छिटै नै सबैका लागि उपलब्ध हुनेछ । कम्पनीका अनुसार प्रयोगकर्ताले बिंगसँग अधिकाधिक रुपमा स्वभाविक तथा प्राकृतिक शैलीको अन्तरक्रिया गर्नका लागि यसको डिजाइन गरिएको छ । जसमा आवाज दिएरै प्रश्न सोध्न र आवाजमै उत्तर पाउन सकिन्छ । एआईको सहयोगमा च्याटबटले प्रयोगकर्ताका प्रश्नहरुको अधिक सटिक तथा प्रासंगिक जवाफ प्रदान गर्न सक्दछ । यो सुविधाले प्रयोगकर्तालाई कमान्ड टाइप नगरिकनै कार्य गर्ने अनुमति दिँदै प्रडक्टिभिटीमा पनि सुधार ल्याउने अपेक्षा छ । उदाहरणका लागि प्रयोगकर्ताले च्याटबटलाई बैठकको कार्यतालिका तयार पार्ने वा रिमाइन्डर सेट गर्नका लागि अह्राउन सक्दछन् र च्याटबटले सोही बमोजिम काम गर्दछ । यसले समय बँचाउने मात्र नभई कामलाई अधिक कुशल तरिकाले गर्न सक्दछ ।

**विन्डोजमा एआईको उपयोग कसरी गर्न सकिन्छ ?**

आर्टिफिसियल इन्टेलिजेन्स एउटा तिव्र रुपमा विकशित भैरहेको प्रविधि हो जोसँग मानिसले सफ्टवेयर प्रयोग गर्ने तथा कुराकानी गर्ने तरिकामा क्रान्ति ल्याउने क्षमता छ । पछिल्ला वर्षहरुमा माइक्रोसफ्टले आर्टिफिसियल इन्टेलिजेन्समा व्यापक रकम लगानी गरिरहेको छ र त्यसरी विकशित प्रविधिहरुलाई विन्डोजमा पनि सामेल गर्दैछ । विन्डोजमा एआईको प्रयोग कसरी गरिँदैछ भन्ने कुरालाई एउटा उदाहरणबाट बुझ्न सकिन्छ । जब तपाईं विन्डोज ११ मा कुनै समाचार खोज्नुहुन्छ भने यसका लागि विन्डोज ११ ले एआईको प्रयोग गर्दछ र सटिक सर्च रिजल्ट दिनका लागि विन्डोजले तपाईंको सर्च रिजल्टलाई प्राथमिकता क्रममा राख्दछ । माइक्रोसफ्टले Windows Copilot को पनि विकास गर्दैछ । यो एउटा नयाँ सुविधा हो जसले प्रयोगकर्तालाई उनीहरुको काममा सहयोग गर्नका लागि एआईको प्रयोग गर्दछ । उदाहरणको रुपमा यसले तपाईंले कुनै कुरा टाइप गर्न लाग्दा शब्द वा वाक्यांशको सुझाव दिन्छ वा तपाईंका लागि कार्य सम्पन्न गरिदिन्छ जस्तै कुनै फाराम भर्ने वा प्रिजेन्टेसन बनाउने आदि ।

*-अनलाइन खबर डटकम*

# ट्वीटरका पूर्व सीईओको दाबी : 'भारत सरकारले अफिस बन्द गर्ने धम्की दिएको थियो'

ट्वीटरका पूर्व सीईओ तथा सह-संस्थापक ज्याक डोर्सीले एक अन्तर्वार्तामा किसान आन्दोलनका क्रममा भारत सरकारले ट्वीटरको भारतमा रहेको कार्यालय बन्द गर्ने धम्की दिएको र कर्मचारीको घरमा छापा मार्ने धम्की समेत दिएको दाबी गरेका छन् । ज्याक डोर्सीले सोमबार युट्युब च्यानल ब्रेकिङ प्वाइन्टलाई दिएको अन्तर्वार्तामा यस्तो बताएका हुन् । डोर्सीलाई 'शक्तिशाली मानिसहरू' को मागबारे प्रश्न सोधिएको थियो । यो प्रश्नमा भारतको नाम लिइएको थिएन । यसको जवाफमा डोर्सीले किसान आन्दोलनका क्रममा भारत सरकारले ट्वीटर बन्द गर्ने धम्की दिएको बताए । उनलाई सोधिएको थियो, 'विश्वभरका शक्तिशाली व्यक्तिहरू तपाईंकहाँ आउँछन् र सबै प्रकारका मागहरू गर्छन्, तपाईं नैतिक सिद्धान्तको मान्छे हुनुहुन्छ, तपाईं यी परिस्थितिहरूबाट कसरी बाहिर निस्कनुहुन्छ ?' यस प्रश्नको जवाफमा उनले भने, 'उदाहरणका लागि भारत यस्तो देश हो, जहाँबाट किसान आन्दोलनका बेला हामीकहाँ धेरै मागहरू आइरहेका थिए । कतिपय पत्रकारहरूले सरकारको आलोचना गरेका थिए । एक हिसाबले हामीलाई भारतमा ट्विटर बन्द गर्ने भनिएको थियो, भारत हाम्रा लागि ठुलो बजार हो। तिम्रा कर्मचारीहरुको घरमा छापा मार्छौं भने, त्यो पनि गरे । यदि तिमीले हाम्रो कुरा सुनेनौं भने हामी तिम्रो कार्यालय बन्द गर्नेछौं भने । यो कुरा लोकतान्त्रिक देश भारतमा भइरहेको थियो ।' यसबारे केन्द्र सरकार, विपक्षी दललगायतले प्रतिक्रिया दिइरहेका छन् । सरकारका मन्त्रीले ज्याक डोर्सीको दाबीलाई अस्वीकार गरेका छन् भने कांग्रेसले यस विषयमा पत्रकार सम्मेलन गरेर प्रधानमन्त्री मोदीले जनताको आवाज दबाइरहेको आरोप लगाएको छ । मोदी सरकारमा इलेक्ट्रोनिक्स र टेक्नोलोजी मन्त्री राजीव चन्द्रशेखरले ट्विटरको कार्यालयमा छापा नमारिएको तथा भारतमा कसैलाई जेल नपठाइएको स्पष्ट पारेका छन् ।

चन्द्रशेखरले भने, 'ट्वीटर र ज्याक डोर्सीको नेतृत्वमा उनको टोलीले लगातार भारतीय नियमहरू उल्लैन गरिरहेको थियो । सन् २०२० देखि २०२२ सम्म उनीहरूले लगातार भारतको कानुनको पालना गरेनन् । ट्वीटरले अन्ततः जुन २०२२ मा कानुनको पालना गऱ्यो । 'ट्विटरले भारतको कानुन लागू नभएको जस्तो व्यवहार गर्दै आएको थियो । भारत एक सार्वभौम राष्ट्र हो । भारतमा सञ्चालित सबै कम्पनीहरूले भारतीय कानुनहरू पालना गरुन् भन्ने सुनिश्चित गर्ने हामीसँग अधिकार छ । जनवरी २०२१ को प्रदर्शनको क्रममा त्यहाँ धेरै गलत जानकारी र नरसंहारको रिपोर्टहरू पनि आएका थिए जुन पूर्ण रूपमा गलत थिए । भारत सरकार यस्तो सूचनालाई प्लेटफर्मबाट हटाउन बाध्य थियो किनभने त्यस्ता भुटा समाचारहरूले स्थितिलाई बिगार्न सक्थ्यो ।' उता दिल्लीका मुख्यमन्त्री तथा आम आदमी पार्टीका राष्ट्रिय संयोजक अरविन्द केजरीवालले भने, 'यदि देशभित्रै किसान आन्दोलनलाई रोक्ने प्रयास भइरहेको छ भने त्यो गलत कुरा हो ।' त्यस्तै यस विषयमा कांग्रेसले पत्रकार सम्मेलन गर्दै भन्यो, 'ट्वीटरका संस्थापक तथा पूर्व सीईओ ज्याक डोर्सीले मोदी सरकारले आफूलाई धम्की दिएको बताएका छन् । किसान आन्दोलन देखियो भने ट्विटरको कार्यालय र कर्मचारीको घरमा छापा मारिनेछ । ट्विटर भारतमा प्रतिबन्धित हुनेछ । जब देशका किसानहरू आफ्नो अधिकारको लागि लडिरहेका थिए, मोदी उनीहरूको आवाज दबाइरहेका थिए ।'

*-रातोपाटी डटकम*

# नेपालमा उपलब्ध कुन विद्युतीय गाडीको मूल्य कति ?



नेपालमा अहिले विभिन्न ब्रान्डका विद्युतीय गाडी (ईभी) उपलब्ध छन् । खासगरी १०० किलोवाटसम्मका विद्युतीय गाडी नेपाली बजारमा लोकप्रिय छन् । सरकारले आर्थिक वर्ष २०८०/०८१ को बजेटमार्फत ५० देखि १०० किलोवाटका विद्युतीय गाडीमा १५ प्रतिशत भन्सार र १० प्रतिशत मूल्य अभिवृद्धि कर लगाएको छ । यसअघि, शून्यदेखि १०० किलोवाटसम्मका गाडीमा १० प्रतिशत भन्सार शुल्क मात्रै तोकिएको थियो । तर, अहिले यो करको दर शून्यदेखि ५० किलोवाटसम्मका विद्युतीय सवारीमा मात्रै लागु छ । कर बढे पनि १०० किलोवाटसम्मका विद्युतीय गाडीहरुको मूल्य भने खासै बढेको छैन । विश्वबजारमा नै ईभीको प्रतिस्पर्धा अत्यधिक हुन थालेपछि अब विद्युतीय गाडीहरु सामान्य बन्दै जाँदा मूल्य पनि कम हुँदै जाने सरोकारवाला बताउँछन् ।

**यस्तो छ अहिले नेपालीमा बजारमा रहेका ईभीको मूल्यदर**

**१. टाटा**

नेपाली बजारमा अहिले टाटा मोटर्सका नेक्सन र टिगोर ईभी रहेका छन् । नेक्सन ईभीका तीन भेरियन्ट छन् । नेक्सन एक्सएमको मूल्य ३८ लाख ९९ हजार रहेको छ । नेक्सन एक्सजेडप्लसको मूल्य ४० लाख ९९ हजार रहेको छ भने नेक्सन एक्सजेडप्लस लक्जको मूल्य ४२ लाख ९९ हजार छ । यस्तै, टाटाको टिगोर ईभी चार भेरियन्टमा उपलब्ध छ । टिगोर एक्सईको मूल्य २९ लाख ९९ हजार रहेको छ । टिगोर एक्सएमको मूल्य ३१ लाख ४९ हजार छ । टिगोर एक्सजेडप्लसको मूल्य ३२ लाख ९९ हजार रहेको छ भने टिगोर एक्सजेड प्लस डीटीको मूल्य ३३ लाख ४९ हजार रहेको छ ।

केही समयअघि टाटाले नेपाली बजारमा नेक्सन ईभी म्याक्स पनि सार्वजनिक गरेको थियो । यसको सुरुआती मूल्य ४६ लाख ४९ हजार तोकेका थियो ।

**२. बीवाईडी**

नेपाली बजारमा हाल बीवाईडीका पाँचवटा विद्युतीय गाडी उपलब्ध छन् । जसमा अट्टो थ्री (एटीटीओ ३) तीनवटा भेरियन्टमा उपलब्ध छ भने अर्को एम३ र अल न्यू ई ६ गाडी छ । बीवाईडीको एम ३ गाडीको मूल्य ४६ लाख ९५ हजार रहेको छ । यस्तै, अल न्यू ई ६ को मूल्य ५९ लाख रहेको छ । अट्टो थ्रीका भेरियन्टमा एडभान्सको मूल्य ५५ लाख ९९ हजार रहेको छ । यस्तै, अट्टो थ्री पर्फर्मेन्सको मूल्य ८१ लाख ९९ हजार र सुपेरियरको मूल्य ६५ लाख ८८ हजार छ ।

**३. हुन्डाई**

नेपालमा हाल हुन्डाईका चारवटा विद्युतीय गाडी उपलब्ध छन् । जसमा हुन्डाई कोनाअन्तर्गत तीन भेरियन्ट छन् भने अर्को आयोनिक ५ नेपालमा उपलब्ध छ । हुन्डाई कोना एनएसको मूल्य ६० लाख ९६ हजार रहेको छ । यस्तै, कोना जीएलको मूल्य ६१ लाख ९६ हजार रहेको छ भने कोना जीएलएसको मूल्य ६४ लाख ९६ हजार रहेको छ । हुन्डाईको आयोनिक ५ जीएलएस भिजन रुफ गाडीको मूल्य एक करोड दुई लाख ९६ हजार रहेको छ ।

**४. सिट्रोन**

नेपाली बजारमा सिट्रोनको एउटा विद्युतीय गाडी दुई भेरियन्टमा हाल उपलब्ध छ । सिट्रोन सी ३ लाइभ र सिट्रोन सी ३ फिल एन्ड भाइभ गरी दुई भेरियन्टमा उपलब्ध छ । सिट्रोन सी ३ लाइभको मूल्य ३२ लाख ९९ हजार रहेको छ । यस्तै, सिट्रोन सी ३ फिल एन्ड भाइभको मूल्य ३४ लाख ९९ रहेको छ ।

**५. एमजी**

नेपाली बजारमा अहिले एमजीका दुईवटा विद्युतीय गाडी उपलब्ध छन् । एमजी जेडए ईभी डिलक्सको मूल्य ५२ लाख ९९ हजार रहेको छ । जेडएस ईभी लङ रेन्जको मूल्य ७१ लाख ९९ हजार रहेको छ ।

**६. निसान**

निसानको लिफ विद्युतीय गाडी नेपाली बजारमा उपलब्ध छ । निशान लिफको मूल्य नेपाली बजारमा ६४ लाख ९९ हजार रहेको छ ।

**७. नेटा भी**

नेपाली बजारमा होजोन अटोको नेटा भी ब्रान्डको गाडी हाल उपलब्ध छ । यसको मूल्य ३७ लाख ९९ हजार रहेको छ ।

**८. हेनरी**

नेपालमा हेनरीका मिनकार मोडलअन्तर्गत तीनवटा विद्युतीय गाडी उपलब्ध छन् । एयर ब्यागबिनाको हेनरी मिनकार सिंगल टोनको मूल्य २३ लाख ५० हजार रहेको छ । एयर ब्याग नभएको हेनरी मिनकार डबल टोनको मूल्य २३ लाख ७५ हजार रहेको छ । यस्तै, एयर ब्यागसहितको सिंगल टोन गाडीको मूल्य २४ लाख ७५ हजार रहेको छ ।

**९.टेस्ला**

नेपालमा टेस्लाका हाल तीनवटा विद्युतीय गाडी उपलब्ध छन् । टेस्ला मोडल ३ र टेस्ला मोडल वाईअन्तर्गत दुईवटा गाडी छन् । टेस्ला मोडल ३ को मूल्य एक करोड ३५ लाख रहेको छ । टेस्ला मोडल वाईअन्तर्गत एउटाको मूल्य एक करोड ९९ लाख छ भने अर्को एक करोड ८९ लाखमा उपलब्ध छ ।

*-बाह्रखरी डटकम*


## डिभिजन वन कार्यालय पाल्पाको अनुरोध

**यो समय वन डढेलोको जोखिमको समय हो । वन डढेलोले महत्वपूर्ण वन सम्पदा, चराचरुङ्गी र वन्यजन्तुको विनाश गर्ने मात्र नभई नजिकको घरबस्तीमा पसि ठूलो धनजन र मानवीय क्षति समेत भएका दु:खद् घटना हाम्रो सामु ताजा नै छन् । त्यसैले,**

- वनमा आगो नलगाऔं र लाग्न नदिऔं ।
- सलाई, लाइटर जस्ता वस्तुहरु बालबच्चाको पहुँचभन्दा टाढा राखौं ।
- वनभित्रको सुकेका पत्कर व्यवस्थापन र अग्नीरेखा निर्माण/मर्मत कार्य सबै सामुदायिक वनहरुले अनिवार्य रुपमा गरौं ।
- वनमा आगो लागिहालेमा सबै मिलेर तत्कालै निभाऔं ।
- खर खन्यानबाट आगो वनमा बिस्तार भएमा खन्यान धनीलाई र वनमा आगो लगाउने कसुर गर्ने जो कोही व्यक्तिलाई वन ऐन बमोजिम तीन वर्ष कैद र साठी हजार रुपैयाँ सजाय हुने भएकाले कानुनी कारवाहीबाट बचौं र अरुलाई पनि बचाऔ ।

*"आफुलाई सदैव सभ्य नागरिकको परिचय दिऔं ।"*

अनुरोधक
डिभिजन वन कार्यालय, पाल्पा
फोन नं. : ०७५-५२०००२

# रामपुर अस्पताललाई डायलासियस मेसिन हस्तान्तरण



**रामपुर,** असार ४/रामपुर अस्पताललाई डायलासियस मेसिन प्राप्त भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखाबाट अस्पताललाई पाँचवटा डायलासियस मेसिन प्रदान गरिएको हो ।

पचास शैयाको अस्पताल रहेको यस अस्पतालको आवश्यकतालाई दृष्टिगत गर्दै स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखाले पाँचवटा डायलासियस मेसिन र एकसेट आरओ प्लान्टसहित अठहत्तर लाख ७३ हजार पाँच सय ९९ बराबरको सामग्री प्रदान गरेको छ । महाशाखाको कार्यालय टेकु काठमाडौँबाट महाशाखा प्रमुख डा सर्वेश शर्माले आइतबार रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापा, अन्तर्राष्ट्रिय बिपी चिन्तन प्रतिष्ठानका अध्यक्ष सन्दिप राना, रामपुर अस्पताल विकास समितिका अध्यक्ष रामप्रसाद ढकाल र मेडिकल सुपरिटेन्डेण्ट डा विजय परियारलाई हस्तान्तरण गरे ।

पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुर (नवलपरासी सुस्ता पूर्व) का बासिन्दाले सेवा लिने ठूलो अस्पतालका रुपमा रामपुर अस्पताल रहेको छ । कालीगण्डकी करिडोरसँग जोडिएकाले पछिल्लो समय यस अस्पतालमा बिरामीको चाप बढ्दो छ । बिरामीलाई स्वास्थ्योपचारमा सहज सेवा दिन र डायलासिस गर्ने बिरामीलाई रामपुर अस्पतालबाटै सेवा उपलब्ध गराउन मागका आधारमा सामग्री उपलब्ध भएको अस्पताल विकास समितिका अध्यक्ष ढकाल बताउँछन् ।

रामपुरमा नै डायलासिसको सुविधा नहुँदा बिरामीले चितवनको भरतपुर, बुटवल, पोखरा, काठमाडौँ लगायतका सहरमा पुगेर सेवा लिँदै आइरहेका थिए । कतिपय सो ठाउँमा पुगेर सेवा लिन आर्थिक अभावमा नसकेर घरमै रोग पालेर बस्न बाध्य थिए । कालीगण्डकी करिडोरले ठूला सहरसँग जोडेको रामपुर प्रमुख नाकाको केन्द्र भागका रुपमा विकास हुँदै गएको अवस्थामा रामपुर अस्पतालमा बिरामीको चाप दैनिक बढ्दै गएको हुँदा यस अस्पताललाई ट्रमा सेन्टरका रुपमा विकास गरिनुपर्ने नगर प्रमुख थापा बताउँछन् ।

"अस्पतालको सेवा क्षेत्र ठूलो रहेको हुँदा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनेछौँ, अस्पतालमा थप आवश्यकपर्ने उपकरण तथा सामग्री व्यवस्थापनमा नगर सरकारले सहयोग गर्नेछ", उनले भने । हाल यस अस्पतालमा दैनिक तीन सय ५० भन्दा बढी बिरामीले सेवा लिँदै आइरहेका छन् । अस्पतालको नयाँ भवन निर्माण सम्पन्न भई सेवा सञ्चालन भएपछि भौतिक पूर्वाधारमा समस्या छैन । ***-रासस***


Rambha Rural Municipality
Office of Rural Executive, Pipaldada, Palpa
Lumbini, Province, Nepal

INVITATION OF SEALED QUOTATION (SQ) (E-BIDDING ONLY)

***(First Publication Date: 20-Jun-2023 (2080/03/05)***

Rambha Rural Municipality, Office of Rural Executive invites Sealed Quotationfrom eligible bidders for the following works.

| SN | Contract Identification No | Description of works | Bid Validity period/Bid security Validity | Estimated amount with VAT. | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1. | SQ/EB/RRM/Goods/079-080/17 | Procurement and Supply of Desktop Sets, Projector and CCTV Camera including Installation at Rambha Ma Vi, Tahu. | 75 days after Opening /30 days Beyond the Validity Period of the BID | 19,03,052.21 | 50,000.00 | 1,000.00 |

| Account No. for bid document purpose fee: | Account No. for Bid Security Deposit |
|---|---|
| Name of Bank : Global IME Bank,TahuPalpa<br>Name of Office :Rambha Rural Municipality, Pipaldada, Palpa<br>Account Number (AntarikRajaswo): **M704010000010** | Name of Bank : Global IME Bank, Tahu, Palpa<br>Name of Office :Rambha Rural Municipality, Pipaldada, Palpa<br>Account Number (Dharautikhata): **M704010000004** |
| Deadline of bid Submission (05-Jul-2023) 2080/03/20 till 12:00 Noon | Date and time of bid opening 05-Jul-2023) 2080/03/20at 2:00 PM |

1. Eligible Bidder's may obtained further information from PPMO website www.bolpatra.gov.np/egp, or www.rambhamun.gov.np email: rambhamun@gmail.com, Mobile : 9857068770,
2. Eligible Bidder's may download the bidding documents for e-submission from PPMO's website www. www.bolpatra.gov.np/egp. Bidder's, submitting their bid electronically, should deposited the cost of bidding document in the Antarik Rajaswo (account) as specified above and scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronically submission of the bids.
3. The place of bid opening will be at Rambha Rural Municipality, Office Rural Executive.
4. Any provisions which are not mentioned in this noticed will be consistent with PPA 2063, PPR,2064 and other prevailing Nepalese Laws.

***Chief Administrative Officer***
***Rambha Rural Municipality***


## खेलकुद समाचार

# बास्केटबलमा नेपालले माल्दिभ्सलाई हरायो



**काठमाडौं,** असार ४/माल्दिभ्समा जारी फाइभ नेसन्स कप बास्केटबल च्याम्पियनसिपको अन्तिम लिग खेलमा नेपालले घरेलु टोली माल्दिभ्सलाई ७५-६८ ले पराजित गरेको छ । मालेमा आइतबार भएको खेलमा नेपालले सुरुवातदेखि नै अग्रता बनाउँदै माल्दिभ्सलाई दबाबमा राखेको थियो ।

पहिलो क्वाटर २४-१२ ले आफ्नो पक्षमा परेको नेपालले दोस्रो क्वाटर २२-२१ ले आफ्नो पक्षमा पार्दै ह्याफ टाइममा ४६-३३ को अग्रता बनायो । तेस्रो क्वाटरमा नेपालले १६-६ को अग्रता बनाउँदा समग्रमा ६२-३९ को अग्रता लियो । चौथो तथा अन्तिम क्वाटर माल्दिभ्सले २९-१३ ले आफ्नो पक्षमा पारे पनि नेपाललाई जितबाट रोक्न सकेन । अन्तिम क्वाटर गुमाए पनि नेपालले खेल ७५-६८ ले जित्यो । नेपालका लागि मनिस केसीले सर्वाधिक २१ अंक जोड्दा विजय बुर्जाले १३ अंक जोडे । पाँच राष्ट्र सहभागी च्याम्पियनसिपमा नेपाल पहिलो खेलमा भुटानसँग पराजित भएको थियो । त्यसयता नेपालले पाकिस्तान, बंगलादेश र माल्दिभ्सलाई पराजित गर्दै लगातार तेस्रो खेल जितेको हो । तीन जित र एक हारको नतिजाबाट ७ अंक जोडेको नेपाल लिग चरण शीर्ष स्थानमा रह्यो । तीन खेल नै जितेको पाकिस्तान नेपालसँग समान अंक जोडे पनि दोस्रो स्थानमा रह्यो । समान ६ अंक जोडेका बंगलादेश र भुटान तेस्रो र चौथो स्थानमा रहे । घरेलु टोली माल्दिभ्स भने ४ अंक जोडेर लिग चरणबाटै बाहिरियो ।

## कर्पोरेट/अर्थ समाचार

# एनसेलले ल्यायो आकर्षक योजना

**पाल्पा,** असार ४/एनसेल आजियाटा लिमिटेडले ग्राहकहरुको सञ्चार सेवालाई मध्यनजर गर्दै नयाँ तथा अकार्षक योजना ल्याएको छ ।

एनसेलले सबै ग्राहकले नेपालका कुनै पनि मोबाइल नम्बरमा कल गर्न मिल्ने अनलिमिटेड अल-नेटवर्क र एनसेलकै नम्बरमा कल गर्न मिल्ने अनलिमिटेड टकटाइम प्याक सहितको योजना ल्याएको हो । एनसेलले प्रिपेड र पोष्टपेड दुवै सेवाका ग्राहकले प्रयोग गर्न सक्ने अनलिमिटेड टकटाइम रहेका प्याकअन्तर्गत ग्राहकले एकदिने अल-नेट अनलिमिटेड भ्वाइस प्याक, एकदिने अन-नेट अनलिमिटेड भ्वाइस प्याक वा सातदिने अन-नेट अनलिमिटेड भ्वाइस प्याक लिन सक्ने बताइएको छ । एकदिने अल-नेट अनलिमिटेड प्याकअन्तर्गत ग्राहकले करसहित २५ रुपैयाँमा बिहान पाँच बजेदेखि साँझ पाँच बजेसम्म नेपालका देशका कुनै पनि मोबाइल नेटवर्कका नम्बरमा अनलिमिटेड भ्वाइस सेवा फाइदा लिन सक्ने कम्पनीले जनाएको छ । एनसेलका अन्य नम्बरमा २४ घण्टासम्म अनलिमिटेड कल गर्न सकिने एकदिने अन-नेट अनलिमिटेड टकटाइम करसहित ३० रुपैयाँमा सुचारु गर्न सक्ने बताइएको छ ।

# चार दलले गरे समाजवादी मोर्चा घोषणा




**पाल्पा,** असार ४/चार कम्युनिष्ट घटकहरूले समाजवादी मोर्चा घोषणा गरेका छन् । नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी र नेकपा कम्युनिष्ट पार्टी मिलेर समाजवादी मोर्चा घोषणा गरेका हुन् । चारदलका शीर्ष नेताले समाजवादी मोर्चा नेपालको सहमति पत्रमा हस्ताक्षर गरेका छन् । उनीहरुले राजनीतिक स्थिरताका लागि भन्दै पार्टी एकतासम्मको उद्देश्य राखेर साझा प्रतिबद्धतामा रहेर समाजवादी मोर्चा घोषणा गरेका हुन् । १५ बुँदे नीतिगत प्रतिबद्धता पनि जारी भएको छ । मोर्चा सञ्चालन गर्न तत्कालका लागि दुई तहको संरचना बनाउने तयारी छ । शीर्ष नेताहरू रहने संयोजन समिति र प्रत्येक राजनीतिक दलबाट प्रतिनिधित्व हुने गरी सचिवालय गठनको तयारी छ । काँग्रेस र एमाले पछि तेस्रो शक्ति बनाउने गरी समाजवादी मोर्चा निर्माण गरिएको हो । प्रतिनिधिसभामा माओवादीका केन्द्रका ३२, नेकपा एसका १० र जसपाका १२ सांसद छन् । चार दलको मोर्चा बनेसँगै सांसदको संख्या ५४ पुगेको छ । सरकारमा देखिएको अस्थिरता रोक्न र सबैलाई एकीकृत गरेर अगाडि बढ्न सहज होस् भनेर मोर्चा गठन गरिएको नेताहरुले बताएका छन् ।


# तानसेन नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु विवाह जस्ता घटना ३५ दिन भित्र वडा कार्यालयहरुमा दर्ता गरौं ।
- सीप सिकौं, स्वालम्बी बनौं ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- खडेरीको समयमा आगालागिका घटनाहरु बढी घट्ने हुनाले आगोजन्य सम्भावित प्रकोपबाट बच्न सबै सचेत बनौं ।
- प्लाष्टिकको प्रयोग नगरौं, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं ।
- कृषि, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुर्‍याऔं ।

| जीवन ज्ञवाली | प्रतिक्षा सिंजाली | सन्तोषलाल श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपप्रमुख | नगरप्रमुख |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई